गण्डकी गाउँपालिका
Gandaki Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
भुम्लिचोक, गोरखा (Bhumlichok, Gorkha)
गण्डकी प्रदेश, नेपाल (Gandaki Province,Nepal)

प.सं:(DispatchNo.) : २०८०/०८१
च नं.(Ref.No) :

मिति(Date) : २०८०/०९/१९

## बिषय : आग्री डाँडाँ, दलभञ्याङ सडक पिच सम्बन्धी विज्ञप्ती

हाल सामाजिक संजाल लगायत केही मिडियामा आग्री डाँडाँ, दल भञ्याङ सडक पिच सम्बन्धमा विभिन्न भिडियो तथा "पिच तीन महिना पनि टिकेन" भन्ने शिर्षकको समाचार प्रकाशन गरेको पाइएकोले सो सम्बन्धमा यस कार्यालयको गम्भिर ध्यानाकर्षण भएको छ ।

यो सडकको DPR परामर्शदाता कम्पनी TOTAL ENGINEERING RESOURCE MANAGEMENT SOLUTION, KATHMANDU मार्फत तयार भएको हो। जसमा कालोपत्रेको खण्ड Double Bituminous Surface Treatment(DBST) हुनेगरी डिजाइन गरि लागत अनुमान तयार गरिएको छ। सोही DPR अनुसार आ. ब. २०७६/०७७ मा गण्डकी गाउँपालिका तथा संघीय सरकारको समपुरक बजेट मार्फत बहुवर्षीय ठेक्का आवहान गरिएको थियो। SYNERGY/HOM JV सँग भएको सम्झौता बमोजिम कार्य सम्पन्न गर्न ३ महिना समय थप गरी हाल कुल लागत रु ७,२९,८२,२३१.२४ मा निर्माण सम्पन्न भएको छ। डिजाइनमा भए अनुसार कालोपत्रेको काम प्राविधिकको प्रतक्ष्य सुपरिवेक्षणमा भएको छ। यस प्रकारको DBST लाई आम भाषामा खैरो पिच पनि भन्ने गरेको पाइन्छ। सुरुमा Prime Coat (Bitumin) हालेर सुकेपछि फेरि First Coat Binder (Bitumin) हाल्ना साथ Chips (गिट्टी) राखेर रोलिङ गरिन्छ। त्यसै गरी पुन: Second Coat Binder (Bitumin) हाल्न साथ Chips (गिट्टी) राखेर रोलिंग गरिन्छ। Bind नभएर माथिल्लो तहमा रहेको Chips (गिट्टी) केही समय अर्थात् गाडी गुडेर नहट्दा सम्म यही अवस्थामा रहन्छ।यस सडकमा दैनिक रूपमा केही थोरै संख्यामा गाडी गुड्ने गरेको छ। यो तराई, पहाड तथा हिमाली जुनसुकै क्षेत्रमा गर्न मिल्ने सस्तो खालको कालोपत्रे हो। ३.५ कि. मि. कालोपत्रे DBST मात्र गर्न करिब ७९ लाख रकम खर्च भएको छ। यस सडक निर्माणको Defect Liability Period (DLP) अझै बाँकि रहेको छ। DLP सम्ममा सम्झौताको शर्त अनुसार कुनै त्रुटि भएको पाइएमा वा सडकको निर्माण गुणस्तरको कमीले कुनै पनि संरचना भत्किएमा सम्बन्धित निर्माण व्यवसायीले मर्मत गर्नुपर्ने हुन्छ।

प्रत्यक्ष प्राबिधिक निगरानीमा सबै मापदण्ड अनुसार भइरहेको काम लाई अतिरन्जित र भ्रामक रुपले समाचार सम्प्रेषण गरेको प्रति कार्यालय खेद प्रकट गर्दछ । विकास निर्माणका कामको सकारात्मक तथा नकारात्मक दुबै खाले आलोचनालाई कार्यलय हार्दिकताका साथ ग्रहण गर्दछ र यसबाट अझ गुणस्तरीय काम गर्न प्रेरणा प्राप्त गर्दछ, तर तथ्य लाई अतिरन्जित गरी गरिने कार्यले कर्मचारीको मनोबल गिराउने हुँदा सत्य, तथ्य बुझेर मात्र सामाजिक सन्जाल तथा मिडियामा धारणा बनाइदिनुहुन सम्पुर्णमा हार्दिक अनुरोध गर्दछौं । धन्यवाद ।

रिजेश उप्रेकोटी
प्रमुख प्रशासकीय अधिकृत